नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा)

सिंहदरबार काठमाण्डौ

पत्र संख्या ०७६।०७७

चलानी नं ३६

मिति: २०७६/०९/०४

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाह पथ, काठमाण्डौ
दर्ता नं.: ८१११
मिति: २०७६।९।४

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,

रामशाह पथ, काठमाण्डौ ।

नेपाल सरकार (मन्त्रिपरिषद)को मिति २०७६/०८/३० को बैकठबाट स्वीकृत भएको "स्वास्थ्य संस्थामा रिक्त रहेका पदमा चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६" जानकारी एवं आवश्यक कार्यार्थ यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

नवराज पराजुली

शाखा अधिकृत

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- प्र. बै/४२७/३४६०
च.नं. :-

मिति: २०७६/८/३०

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवज्यूको कार्य कक्ष
दर्ता नम्बर:- ६०६
दर्ता मिति:- ०७६।८।६

श्री सचिव,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

मापदण्ड स्वीकृत गर्ने विषय मं.प.बै.सं. ३९/०७६ मिति २०७६/८/३० को मन्त्रिपरिषद्‌को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्‌ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु-

नेपाल सरकारको निर्णय-

"मापदण्ड स्वीकृत गर्ने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको दर्ता नं. १९/२७-०७६/४/१५ को प्रस्ताव मं.प.बै.सं. २०/०७६ मिति २०७६/४/१६ को मन्त्रिपरिषद्‌को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएकोमा प्रस्तावसाथ संलग्न मापदण्डको सट्टा मिति २०७६/७/२४ को मन्त्रिपरिषद्, प्रशासन समितिको बैठकबाट परिमार्जन गरिएको यसैसाथ संलग्न स्वास्थ्य संस्थामा रिक्त रहेका पदमा चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं

नेपाल ।

मितिः २०७६।७।२४

पत्र संख्या :- ४२/०७६

च.नं. :- म.स.सं./३२२/२६९६

श्रीमान् मुख्यसचिवज्यू,

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।

मिति २०७६।७।२४ मा बसेको मन्त्रिपरिषद्, प्रशासन समितिको बैठकबाट देहायबमोजिन निर्णय भएको व्यहोरा अनुरोध गर्दछु-

"मापदण्ड स्वीकृत गर्ने विषयको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नं. १९/२७-०७६।४।१५ को प्रस्ताव मं.प.वै.सं. २०/०७६ मिति २०७६।४।१६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार आजको बैठकमा पेश हुँदा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ख. को प्रतिवन्धात्मक वाक्यांश बमोजिम करारमा नियुक्ति गर्न नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ११क. बमोजिम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कार्यविधि तोके बमोजिम हुने व्यवस्था रहेको देखिएकोले सो अनुसार प्रस्तुत कार्यविधि स्वीकृत गरी लागू गर्न छलफलका क्रममा उठेका विषयहरूसमेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न "स्वास्थ्य संस्थामा रिक्त रहेका पदमा चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६" को मस्यौदा मन्त्रिपरिषद्समक्ष पेश गर्ने ।"

(महेन्द्रप्रसाद गुरागाई)

सचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८

४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल

फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७

इमेल : info@opmcm.gov.np

# चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा ब्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६

प्रस्तावनाः संघ, प्रदेश वा स्थानीय तहका स्वास्थ्य संस्थाहरुमा चिकित्सक वा स्वास्थ्यकर्मीहरू स्थायी पदपूर्ति हुन नसकी स्वास्थ्य सेवा प्रवाह गर्न कठिनाई भएको र

संघ, प्रदेश र स्थानीय तहको स्वास्थ्य सेवाका स्वीकृत दरवन्दीका पदहरुमा कार्यरत चिकित्सक वा स्वास्थ्यकर्मी अध्ययन बा असाधारण विदामा रहेको वा लोक सेवा आयोगमा माग आकृति फाराम पठाइ सकेको तर पूर्ति हुन भइनसकेका पदमा चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा लिई स्वास्थ्य सेवा प्रवाहलाई सुचारु, नियमित र प्रभावकारी बनाउन आवश्यक भएकोले,

स्वास्थ्यकर्मी सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्न नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को नियम ११क बमोजिम यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्याविधिको नाम चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा ब्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहहरुले आवश्यकता अनुसार लागू गर्न सक्नेछन्।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अख्तियारवाला" भन्नाले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको तर्फबाट करार सम्झौता गर्न अधिकार प्राप्त अधिकारी सम्झनु पर्छ।

(ख) "सेवा" भन्नाले संघ, प्रदेश र स्थानीय तहले प्रदान गर्ने स्वास्थ्य सेवा सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले संघ, प्रदेश र स्थानीय तहको स्वास्थ्य सेवासँग सम्बन्धित कार्यालयहरू सम्झनु पर्छ।

(घ) "करार सेवा" भन्नाले प्रचालित कानून बमोजिम निश्चित अवधि तोकी सम्झौताको आधारमा गरिने करार सेवा सम्झनु पर्छ।

३. <u>करार सेवामा जनशक्ति लिने सम्बन्धी अधिकार:</u> (१) करार सेवामा जनशक्ति लिने सम्बन्धी अधिकार संघ अन्तर्गत रिक्त पदमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई, प्रदेश सरकार अन्तर्गत रिक्त पदमा प्रदेश सरकारको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालयलाई र स्थानीय तहको रिक्त पदमा स्थानीय तहको कार्यपालिकालाई हुनेछ।

(२) यस कार्यविधि बमोजिम नेपाल सरकारका स्वास्थ्य सेवासँग सम्बन्धित प्रतिष्ठानहरूले समेत जनशक्ति व्यवस्थापन गर्न सक्नेछन्।

(३) यस कार्यविधि बमोजिम करार सेवाका लागि छनौट भएका चिकित्सक वा स्वास्थ्यकर्मीसँग प्रचलित कानून बमोजिम अधिकार प्राप्त अख्तियारवालाले करार सम्झौता गरी काममा लगाउन सक्नेछ।

४. <u>योग्यता:</u> यस कार्यविधि बमोजिम करार सेवामा रही सेवा प्रदान गर्नका लागि चिकित्सक वा स्वास्थ्यकर्मीले सो पदको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यता र देहाय बमोजिमको योग्यता हाँसिल गरेको हुनु पर्नेछ।

(क) सहायक तहको पदमा अठार वर्ष उमेर पूरा भई पैंतालीस वर्ष उमेर ननाघेको,

(ख) अधिकृत तहको पदमा एक्काइस वर्ष उमेर पूरा भई पैंतालीस वर्ष उमेर ननाघेको,

तर स्वास्थ्य सेवाको पदमा नियमानुसार नियुक्ति भई अविच्छिन्न रूपमा पाँच वर्ष सेवा अवधि पूरा गरेका अस्थायी वा करार सेवाका कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

(ग) प्रचलित कानुन बमोजिम स्थापना भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्मा नामदर्ता र नवीकरण भएको,

तर प्रचलित कानुन बमोजिम स्थापना भएको स्वास्थ्य सम्बन्धी कुनै व्यावसायिक परिषद्मा नाम दर्ता हुने व्यवस्था नै नभएको पदमा नियुक्ति हुनको लागि यस खण्डले बाधा पुर्याएको मानिने छैन।

(घ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको,

(ङ) नेपाली नागरिक,

(च) प्रचलित कानून बमोजिम अयोग्य नभएको।

५. <u>सेवा करार सम्बन्धी प्रक्रिया एवं कार्यविधि:</u> (१) संघ प्रदेश वा स्थानीय तहका स्वास्थ्य संस्थामा देहाय बमोजिमका पदमा करार सेवामा चिकित्सक वा स्वास्थ्यकर्मी लिन सकिनेछ -

(क) कुनै चिकित्सक वा स्वास्थ्यकर्मी अध्ययन वा असाधारण विदामा रहेको अवस्थामा अध्ययन वा असाधारण विदामा बसेको अवधिभर,

(ख) सेवाको कुनै पद कुनै कारणबस रिक्त हुन गई सोको माग आकृति फाराम भरी लोक सेवा आयोगमा पठाइ सकेको तर पदपूर्ति भई नसकेको अवधिभर।

(२) करार सेवामा लिनका लागि आवश्यक पदसंख्या र त्यसका लागि आवश्यक न्यूनतम योग्यता समेत स्पष्ट खुलाई न्यूनतम एक्काइस दिनको सूचना प्रकाशन गरी इच्छुक उम्मेदवारहरुबाट दरखास्त आह्वान गर्नु पर्नेछ।

(३। उपयुक्त उम्मेदवार छनौटका लागि विज्ञ सहितको कम्तीमा तीन जना सदस्य रहेको छनौट समिति गठन गर्नु पर्नेछ।

(४) छनौट समितिले लिखित वा मौखिक वा दुबै परीक्षाको माध्यमबाट उम्मेदवार छनौट गर्न सक्नेछ। छनौट समिति आफैंले वा एक जना विज्ञ समेत रहने गरी छुट्टै अन्तर्वार्ता समिति गठन गरी अन्तर्वार्ता लिन सकिनेछ।

(५) छनौट समितिले करार सेवामा काममा लगाउने उम्मेदवार सिफारिस गर्दा कम्तीमा दुईजना र उपलब्ध भएसम्म रिक्त पदको तीस प्रतिशतसम्म वैकल्पिक उम्मेदवारको रूपमा सिफारिस गर्न सक्नेछ।

(६) करार सेवाका लागि दरखास्त पेश गर्ने व्यक्तिले सहायक स्तरको पदको हकमा रू ६००।- र अधिकृत स्तरको पदको हकमा रू. १०००।- दरखास्त दस्तुर बुझाउनु पर्नेछ।

(७) छनौट समितिले सिफारिस गरेको उम्मेदवारसंग अख्तियारवालाले सेवा करार सम्झौत गरी निश्चित अवधि तोकी सेवा करार सम्झौता गर्नुपर्नेछ।

(८) करार सेवामा काममा लगाइएका कर्मचारीले पाउने सेवा सुविधा लगायतका विषय प्रचलि कानून बमोजिम हुनेछ। यस्ता सेवा सुविधा करार सम्झौतामा उल्लेख गर्नु पर्नेछ।

तर प्रदेश सरकार वा स्थानीय तहको कार्यपालिकाले कार्य प्रकृति, जोखिम लगायतका विष हेरी थप सेवा सुविधा उपलब्ध गराउन बाधा पर्नेछैन।

६. <u>उम्मेदवारको परीक्षण एवं सिफारिस सम्बन्धी व्यवस्था:</u> (१) छनौट समितिले निश्पक्ष रुपमा प्रतिस्प गराई योग्य र उपयुक्त उम्मेदवार छनौट गर्नु पर्नेछ।

(२) अन्तरवार्तामा छनौट समितिले निर्धारण गरे बमोजिमको मूल्याङ्कन फाराम प्रयोग गर्नु पर्नेछ।

(३) छनौट समिति वा अन्तरवार्ता समितिका अध्यक्ष वा सदस्यका कुनै उम्मेदवारसँग नजिकको नाता पर्ने भएमा त्यस्ता अध्यक्ष वा सदस्यले उक्त छनौट प्रक्रियामा सहभागी हुनु हुँदैन। नाता नपर्ने स्वयम घोषणा गर्नु पर्नेछ। यसरी घोषणा नगरी समितिमा समावेश भई काम कारवाही भएको प्रमाणित भएमा सो मूल्यांकन रद्द हुनेछ ।

(४) अन्तरवार्तामा निर्धारित कुल अंकको सत्तरी प्रतिशत भन्दा बढी वा चालीस प्रतिशत भन्दा कम अंक दिन पाइने छैन। सो भन्दा घटी वा बढी अंक दिनु परेमा सोको स्पष्ट कारण खोल्नु पर्नेछ। कारण नखोली घटी वा बढी अंक दिएमा वा समितिका कम्तीमा पचास प्रतिशत सदस्यले यसरी कारण नखोलेको अवस्थामा बढीमा सत्तरी र घटीमा चालीस प्रतिशत अंक मात्र कायम हुनेछ।

७. <u>सेवा करार सम्झौता सम्बन्धी अन्य व्यवस्था:</u> (१) करार सेवामा छनौट भएका उम्मेदवारहरूलाई करार सम्झौताका लागि सम्बन्धित कार्यालयमा सम्पर्क राख्न कम्तीमा सात दिनको म्याद राखी सूचना दिनु पर्नेछ। सो अवधि भित्र छनौट भएको मुख्य उम्मेदवार सम्पर्क राख्न नआएमा बैकल्पिक उम्मेदवारसँग सेवा करार सम्झौता गरिनेछ।

(२) सेवा करार सम्झौता गर्दा देहायको विष्य खुलाई गर्नु पर्नेछ।

(क) सेवा करार सम्झौताको अधिकतम अवधि,

(ख) सेवा करारमा रही गर्नुपर्ने कामको विवरण,

(ग) सेवाका शर्त र सुविधा,

(घ) करार भङ्ग हुने अवस्था र

(ङ) कार्य सम्पादन र विदा लगायतका अन्य विषयहरु।

८. <u>करार सेवाको अवधि:</u> करार सेवाको अवधि चालु आर्थिक बर्ष ननाघ्ने गरी बढीमा एक वर्षसम्म हुनेछ।

९. <u>म्याद थप सम्बन्धी व्यवस्था:</u> (१) दफा ५ बमोजिमको अवस्था विद्यमान रहेको अवस्थामा सेवा करार सम्झौता गरी सेवा प्रदान गरिरहेका चिकित्सक वा स्वास्थ्यकर्मीसँग कार्य सम्पादन स्तर हेरी एक पटकमा छ महिनामा नबढ्ने गरी म्याद थप गर्न सकिनेछ।

(२) यो निर्देशिका लागू हुनुपूर्व करार सम्झौता गरी काम गरिरहेका व्यक्तिका हकमा समेत उपदफा (१) बमोजिमको व्यवस्था लागू हुनेछ।

१०. <u>करार सेवा समाप्त हुने:</u> देहायका अवस्थामा करार सेवा समाप्त हुनेछः-

(क) करार सेवामा लिईएको व्यक्तिको सेवा सन्तोषजनक नभएको वा पदीय दायित्व वहन गर्न नसकेको भनी निज कार्यरत कार्यालयले गरेको सिफारिसका आधारम अख्तियारवालाले करार सम्झौता भंग गरेमा,

तर त्यसरी सम्झोता भंग गर्नु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौक दिनु पर्नेछ।

(ख) स्वास्थ्य सेवा सम्बन्धी प्रचलित कानूनमा रहेका आचरण वा पदीय अनुशासन विपरि कार्य गरेमा,

(ग) करार सेवामा काम गर्ने व्यक्तिले सेवाबाट अलग हुनका लागि कम्तीमा एक महि अगावै अख्तियारवालालाई त्यस्तो सूचना दिएमा,

(घ) अध्ययन वा असाधारण विदामा बसेको चिकित्सक वा स्वास्थ्यकर्मीको पदमा कर सेवामा रहेका कर्मचारीको हकमा त्यस्तो विदामा बसेको कर्मचारी आफ्नो पदमा हाजि भएमा,

(ङ) लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगवाट त्यस्तो पदमा स्थायी पदपूर्ति भए

(च) अध्ययन वा असाधारण विदामा रहेको अवस्थामा वा रिक्त पदमा करारमा रहे अवस्थामा त्यस्तो पदमा अन्य कुनै स्थायी कर्मचारी सरुवा भई पदपूर्ति भएमा।

११. <u>करार सेवामा रहने कर्मचारीले पाउने सेवा सुविधा:</u> करार सेवामा रहेका कर्मचारीको सेवा सुविधा दे बमोजिम हुनेछ -

(क) करार सेवामा रहेको कर्मचारीले सार्वजनिक विदामा समेत काम काज गर्नुपर्नेछ सार्वजनिक विदामा काम गरे वापत निजले सट्टा विदा पाउनेछ।

(ख) करार सेवामा रहेको कर्मचारीले सार्वजनिक विदा बाहेक प्रत्येक महिना एक दिन बिदा पाउनेछ। सट्टा विदा बाहेक अन्य दिन कार्यालयमा बिना सूचना अनुपस्थित कर्मचारीले त्यस्तो अनुपस्थित दिनको तलब भत्ता पाउने छैन।

(ग) करार सेवामा रहने कर्मचारी जुन तहको पदमा रहेको हो सो पदको शुरु तलव स्केल बराबरको पारिश्रमिक र महंगी भत्ता पाउनेछ। तर पदीय जिम्मेवारी, कार्यप्रकृति लगायतका जोखिम हेरी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले थप सेव सुविधा उपलब्ध गराउन सक्नेछ।

(घ) करार सेवामा रही कम्तीमा छ महिना भन्दा वढी निरन्तर सेवा गर्ने कर्मचारीला प्रत्येक वर्ष एक महिनाको तलब बराबरको रकम चाड पर्व खर्च बापत दिईनेछ।

(ङ) सेवा सुविधा सम्बन्धी अन्य व्यवस्था करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ

१२. <u>करार सेवामा रहेका कर्मचारीको सरुवा नहुने:</u> करार सेवामा रहेका कर्मचारीको अन्यत्र कार्यालय सरुवा गरिने छैन र निजलाई अन्यत्र पदमा काजमा समेत खटाईने छैन।

तर एउटा स्वास्थ्य संस्थामा करार सम्झौता गरी कार्यरत व्यक्ति समयावधि समाप्त हुँदा बखत अर्को स्वास्थ्य संस्थामा सोही प्रकारको जनशक्ति आवश्यक भएमा सो स्वास्थ्य संस्थाले से करार सम्झौता गरी काममा लगाउन बाधा पर्ने छैन।

१३. <u>कार्यविधिको व्याख्या:</u> यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्काउ परेमा स्वास्थ्य त जनसंख्या मन्त्रालयले आवश्यक व्याख्या वा निर्णय गरेबमोजिम हुनेछ।

१४. <u>खारेजी:</u> करार सेवामा लिने सम्बन्धी यस अघि जारी भएका परिपत्र तथा निर्देशिकाहरू खारेज गरिए छन्।

स्वास्थ्य सेवा ऐन २०५३

८क. पदपूर्तिमा बन्देज : (१) स्वास्थ्य सेवाको कुनै पनि पदमा यस ऐनमा व्यवस्था भएदेखि बाहेक अन्य कुनै पनि तरिकाबाट पदपूर्ति गरिने छैन ।

(२) स्वास्थ्य सेवाको कुनै पद कुनै तरिकाबाट रिक्त भएमा सोको जानकारी पद रिक्त भएको एक महिनाभित्र सम्बन्धित निकायले लोक सेवा आयोगलाई दिनु पर्नेछ । सो अवधिभित्र सूचना नदिने पदाधिकारीलाई विभागीय कारबाही हुनेछ ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा सो अवधिसम्म रिक्त हुन आएको पद र चालू आर्थिक वर्षभित्रमा अवकाश तथा बढुवाबाट रिक्त हुने पद समेत यकिन गरी माग गर्न सकिनेछ ।

(४) पद पूर्तिको माग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) मन्त्रालय, विभाग, केन्द्र तथा उपत्यकाभित्र रहेका कार्यालयमा कार्यरत कर्मचारीको हकमा निजामती किताबखाना र जिल्लास्थित कार्यालयका कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलब खुवाउन हुँदैन ।

(६) उपदफा (१) विपरीत कसैले कर्मचारी नियुक्ति गरेमा वा उपदफा (५) बमोजिम तलबी प्रतिवेदन पास नगरी तलब खुवाएको पाइएमा त्यस्तो कर्मचारीले पाएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्ति गर्ने र तलब खुवाउने पदाधिकारीबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

◊८ख. ज्यालादारी वा करारमा नियुक्ति गर्न गराउन नपाइने : (१) कसैले पनि कर्मचारीले गर्नु पर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न गराउन पाउने छैन ।

तर, स्वास्थ्य सेवाको कुनै पदमा योग्यता प्राप्त चिकित्सक वा स्वास्थ्यकर्मीलाई देहायको अवस्थामा करार सेवामा काममा लगाउन सकिनेछ :-

(क) कुनै चिकित्सक वा स्वास्थ्यकर्मी अध्ययन वा असाधारण विदामा रहेको अवस्थामा, अध्ययन वा असाधारण विदामा बसेको अवधिभर,

(ख) सेवाको कुनै पद कुनै कारणवस रिक्त हुन गई सो को माग आकृति फाराम भरी लोक सेवा आयोगमा पठाइसकेको तर पदपूर्ति भइनसकेको अवधिभर ।

(२) उपदफा (१) विपरीत कसैले कुनै व्यक्तिलाई नियुक्ति गरे, गराएमा त्यसरी नियुक्ति पाएको व्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्ति गर्ने, गराउने पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

ᵅ९. स्तरवृद्धि : (१) स्वास्थ्य सेवाका देहायका तहमा देहाय बमोजिम स्तरवृद्धि गरिनेछ :-

| क्र.सं. | हालको तह | स्तरवृद्धि हुने तह | सम्बन्धित तहमा सेवा गर्नु पर्ने अवधि | पछिल्लो दुई आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कनमा प्राप्त गर्नु पर्ने अङ्क | दुर्गम क्षेत्रमा सेवा गर्नु पर्ने अवधि |
|---|---|---|---|---|---|
| १ | चौथो | पाँचौ | पांच वर्ष | कम्तीमा उत्तम | कम्तीमा एक वर्ष अति दुर्गम वा दुई वर्ष दुर्गम क्षेत्रमा |
| २ | पाँचौं<br>(क) शुरु नियुक्ति भएका वा पाँचौ तहमा स्तरवृद्धि भई सो तहको लागि न्यूनतम शैक्षिक योग्यता पूरा भएका | छैठौं | पाँच वर्ष | कम्तीमा उत्तम | कम्तीमा एक वर्ष अति दुर्गम वा दुई वर्ष दुर्गम क्षेत्रमा |
| | (ख) पाँचौ तहमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा भएका वा स्तरवृद्धि भएका मध्ये सो तहको लागि न्यूनतम शैक्षिक योग्यता नभएका । | छैठौं | आठ वर्ष | कम्तीमा उत्तम | कम्तीमा एक वर्ष अति दुर्गम वा दुई वर्ष दुर्गम क्षेत्रमा |

---

⌘ तेस्रो संशोधनद्वारा संशोधित ।

◊ पहिलो संशोधनद्वारा थप ।

ᵅ चौथो संशोधनद्वारा संशोधित ।

ᵅ चौथो संशोधनद्वारा संशोधित ।

७. सेवामा रहने पदहरू: ऐनको दफा ५ को उपदफा (१) बमोजिम सेवाका विभिन्न तहहरूमा रहने पदहरू अनुसूची - ३ मा उल्लेख भए बमोजिम हुनेछन् ।

८. समूह तथा उपसमूहहरू: (१) ऐनको दफा ७ को उपदफा (१) को प्रयोजनको लागि सेवाको कामको प्रकृति, सो सम्पादन गर्न चाहिने न्यूनतम योग्यता र कार्य विशिष्टता समेतको आधारमा सेवा भित्रका समान प्रकृतिका पदहरू समावेश भएका समूह तथा उपसमूहहरू अनुसूची-४ मा उल्लेख भए बमोजिम हुनेछन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो नियमावली प्रारम्भ हुँदाका बखत सेवा, समूह तथा उपसमूहमा बहाल रहेका कर्मचारीहरूको हकमा निजलाई त्यस्तो समूह तथा उपसमूहमा प्रवेश गर्न तोकिएको योग्यता नै यस नियमको प्रयोजनको निमित्त न्यूनतम योग्यता मानिनेछ ।

९. कार्य विवरण : सेवाको पदहरूको कार्य विवरण मन्त्रालयले अनुसूची-५ बमोजिम तयार गरी लागू गर्नेछ । त्यस्तो कार्य विवरणको एक प्रति सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

१०. कर्मचारीको अभिलेख : (१) कर्मचारीको वैयक्तिक विवरण तथा अन्य अभिलेख निजामती किताबखानामा राखिनेछ ।

(२) मन्त्रालय र अन्तर्गतका विभाग र कार्यालयहरूले पनि आफ्नो मातहतका कर्मचारीको अभिलेख निजामती किताबखानाको अभिलेखसँग दुरुस्त हुने गरी अद्यावधिक गरी राख्नु पर्नेछ ।

११. पद नभई कर्मचारी नियुक्त गर्न नहुने : (१) कुनै पनि कार्यालयमा पद रिक्त नभई वा पद श्रृजना नभई कर्मचारी नियुक्त गर्नु हुँदैन ।

(२) उपनियम (१) विपरीत कुनै कर्मचारीलाई नियुक्ति गरी तलब खुवाएमा त्यसरी खुवाएको तलब रकम नियुक्ति गर्ने अधिकारीबाट असूल उपर गरिनेछ ।

③११क. करार सेवामा काममा लगाउँदाको कार्यविधि : ऐनको दफा ८ख को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम चिकित्सक वा स्वास्थ्यकर्मीलाई करार सेवामा काममा लगाउँदा अपनाउने कार्यविधि मन्त्रालयले तोके बमोजिम हुनेछ ।

---

③ तेस्रो संशोधनद्वारा थप ।